चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ६ सङ्ख्याः ३ मितिः २०७९/०४/०६

## भाग - २

## चिचिला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको

# सार्वननिक जग्गा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९

**प्रस्तावनाः**

चिचिला गाउँपालिका भित्र सार्वजनिक प्रयोजनका लागि जग्गाको दिगो व्यवस्थापन गर्नका लागि

## परिच्छेद १

## संक्षिप्त नाम, प्रारम्भिक र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम सार्वजनिक प्रयोजनका लागि जग्गा व्यवस्थाप सम्वन्धि कार्यविधि २०७९ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाँउपालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ ।

(ख)"सार्वजनिक जग्गा" भन्नाले गाउँपालिका, वडा पालिका, गाउँपालिका अन्तरगतको कार्यालय, स्वास्थ्य संस्था, रंगशाला खेल मैदान, समाधिस्थल, विद्यालय, पार्क धार्मिक स्थल पोखरी रहेको वा सो निर्माणका लागि व्यवस्थापन गरिएको जग्गा सम्झिनु पर्दछ ।

## परिच्छेद २

### उपयोग तथा व्यवस्थापन

**३.** जग्गा प्राप्ति उपयोग तथा व्यवस्थापन सम्वन्धिः

(१)सार्वजनिक जग्गा प्राप्ति गर्ने सम्वन्धमा गाउँपालिकाको कार्यालयले निश्चित अवधि तोकी जग्गाको प्रयोजन समेत खुलाइ सार्वजनिक सूचना प्रकाशन गर्ने छ ।

(२)जग्गा दान गर्न चाहाने स्वदेश वा विदेशमा रहेको जग्गादाताले वडाको सिफारिस र मन्जुरीनामा सहित जग्गाको प्रयोजन तोकेर निशुल्क जग्गा उपलब्ध गराउन सक्ने छ ।

(३)तोकिएको अवधिभित्र निशुल्क जग्गादान गर्नका लागि प्राप्त आवेदन उपर कार्यापालिकामा छलफल गरी जग्गा दाताको जग्गा स्वीकृत गर्ने छ ।

(४)उक्त जग्गा गाउँपालिकाको नाममा दर्ता गरी वा नगरी कुनै सार्वजनिक संरचना निर्माण वा पूर्व निर्धारित उद्देश्य वमोजिमको संरचना निर्माणका लागि बजेट व्यवस्थापन गर्न प्रदेश सरकार वा नेपाल सरकारका सम्बन्धित मन्त्रालयमा सिफारिस वा माग गर्न सक्ने छ ।

(५)वजेट व्यवस्थापन गरी संरचना निर्माण प्रक्रिया शुरु भइ सकेको अवस्थामा वा निर्माण सम्पन्न भइ सकेको अवस्थामा जग्गादाताले कुनै जग्गा फिर्ता गर्न वा नदिन वा निर्माण हुदै गरेको संरचना निर्माण हुन नदिन कुनै पनि बाहाना गरेमा वा मुद्धा मामिला गरेमा सम्बन्धित जग्गा धनीले उक्त सार्वजनिक स्थलको पूर्वाधार

वा संरचना निर्माण गर्दा लागेको कुल बजेट गाउँपालिकाले असूल उपर गर्नेछ र उक्त संरचना निर्माण गर्दा लागेको रकम फिर्ता गरेमा गाउँपालिकाबाट सम्वन्धित जग्गा धनीले जग्गा फिर्ता लिन सक्नेछ ।

(६)जग्गादाताहरु एक भन्दा बढी जग्गादाताहरु रहेको अवस्थामा पनि सवै जग्गा फिर्ता लिन चाहाने व्यक्तिले नै जिम्मेवारी लिनु पर्ने छ ।

(७)दर्ता नभएको तर नाप नक्सा भइ फिल्ड बुक नाम भएको जग्गादाताले पनि मन्जुरीनामा सहित जग्गा निशुल्क उपलब्ध गराउन सक्ने छ । मन्जुरीनामा सहित गाउँपालिकालाई प्राप्त भइसकेको जग्गाको हकमा पनि दफा ६ र ७ व्यवस्था लागू हुने छ ।

प्रमाणिकरण मितिः २०७९।०४।०६

अज्ञाले,

शुक्रादेवी राई

प्रमुख प्रशासकीय अधिकृत